कार्यपालिकाको बैठक संख्याः ५ मितिः २०८२।०९।२२

आज मिति २०८२ साल पौष २२ गतेका दिन गुल्मीदरवार गाउँपालिका, गुल्मीका अध्यक्ष श्री सरोज कुमार थापाको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

<u>समय : बिहान ९:०० बजे</u>

## उपस्थिति

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सरोज कुमार थापा | अध्यक्ष | |
| २. | श्री तारा थापा ढेंगा | उपाध्यक्ष | |
| ३. | श्री राजेन्द्र कण्डेल | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | |
| ४. | श्री विष्णु प्रसाद गौतम | वडा अध्यक्ष (वडा नं. २) /सदस्य | |
| ५. | श्री राम वहादुर थापा | वडा अध्यक्ष (वडा नं. ३) /सदस्य | |
| ६. | श्री देविराम पोखेल | वडा अध्यक्ष (वडा नं. ४) /सदस्य | |
| ७. | श्री गुणानीधि पौडेल | वडा अध्यक्ष (वडा नं. ५) /सदस्य | |
| ८. | श्री मुकेश थापा | वडा अध्यक्ष (वडा नं. ६) /सदस्य | |
| ९. | श्री शालिकराम टण्डन | वडा अध्यक्ष (वडा नं. ७) /सदस्य | |
| १०. | श्री दिल कुमारी खत्री | सदस्य | |
| ११. | श्री कुमारी दनुवार पुवारे | सदस्य | |
| १२. | श्री. सनु देवि कार्की | सदस्य | |
| १३. | श्री गंगा अर्याल | सदस्य | |
| १४. | श्री विष्णुमाया बोटे | सदस्य | |
| १५. | श्री ईश्वरी परिवार | सदस्य | |
| १६. | श्री युवराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत/सचिव | |

आमन्त्रीतः

| | | | |
|---|---|---|---|
| १. | हेम प्र. पं.श्री. | प्र. प्र. अ. | |
| २. | मिलेन्द्र थापा | नि. प्र. अ. | |
| | नरेन्द्र थापा | प्र. ले. अ. | |

सहयोगी कर्मचारी

| | | | |
|---|---|---|---|
| १. | दीपक हरि तिवारी | कार्यालय सहयोगी | |

कार्यपालिकाको बैठक संख्याः ५ मितिः २०८२।०९।२२

प्रस्तावहरु

१. अघिल्लो बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा।

२. गाउँसभाको मिति निर्धारण सम्बन्धमा।

३. संगठन तथा व्यवस्थापन सर्वेक्षण माथी छलफल तथा अनुमोदन सम्बन्धमा।

४. सुरक्षित नागरिक आवास कार्यक्रमका लागि लाभग्राही छनोट सम्बन्धमा।

५. साना सिंचाई प्रर्वद्धन कार्यक्रम सञ्चालन सम्बन्धमा।

६. एक घर एक धारा कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

७. संघीय समपूरक अनुदान अर्न्तगत बलिथुम नेटा वडा कार्यालय मोटर बाटो स्तरोन्नती वडा नं.१ मा बचत रकमको पुन ठेक्का गर्ने सम्बन्धमा।

८. रुन्खादह मा. वि. (१६ कोठे) भवन निर्माणको म्याद थप सम्बनधमा।

९. सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने कार्यविधि छलफल तथा अनुमोदन सम्बन्धमा।

१०. विद्यालय समायोजन सम्बन्धमा।

११. शिक्षा समितिमा भएका निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

१२. विविध सम्बन्धमा।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः ५ मितिः २०८२।०९।२२

निर्णयहरु

**निर्णय नं १**

प्रस्ताव नं १ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँकार्यपालिकाको मिति २०८२।०८।२३ गते बसेको बैठकका निर्णयहरु प्रस्तुत गरियो अधिकांश निर्णयहरु कार्यान्वयको चरणमा रहेको पाईयो र कार्यान्यवयनमा विलम्ब भएका निर्णयहरु तल्काल कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस गुल्मीदरबार गाउँपालिकाको गाउँसभाको १८ औं अधिभेसन (हिउँदे सभा) तपसिलको मिति, समय र स्थानमा गर्ने निर्णय गरियो।

तपसिल

मितिः २०८२।१०।०८ (बिहिबार)

समयः दिनको १:०० बजे

स्थानः गुल्मीदरबार गाउँपालिकाको सभाहल

**निर्णय नं ३**

गुल्मीदरबार गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Committee) समिति (विज्ञ टोली सहितको) ले विभिन्न चरणमा छलफल तथा परामर्श गरि तयार गरेको प्रतिवेदन गाउँकार्यपालिकाको बैठकमा प्रस्तुत गरियो। प्रतिवेदनमा उल्लेखित सम्पूर्ण व्यवस्था माथी छलफल गरियो र गाउँपालिकाको व्यवहारिक र सैद्धान्तिक कठिनाई र प्रतिवेदन बीच तादम्य कायम गर्ने, प्राप्त सुझावहरु समेट्ने गरी प्रस्तुत गुल्मीदरबार गाउँपालिकाको संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गाउँकार्यपालिकाको बैठकले स्वीकृत गर्ने र अनुमोदनको लागि आगामी गाउँसभभामा प्रस्तुत गर्ने निर्णय गरियो।

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथी छलफल गर्दा यस गुल्मीदरबार गाउँपालिकाको आ. व. २०८२।०८३ मा सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत चुहिने छानो तथा खरको छानो विस्तापित गर्न प्रत्येक वडाबाट बढीमा तीन जना लाभग्राही छनौट गरी जस्तापाता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं ५**

युवराज पोडेल
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं ५ माथी छलफल गर्दा यस गुल्मीदरबार गाउँपालिकाको आ. व. २०८२।०८३ मा साना सिंचाई कार्यक्रम मार्फत सिंचित क्षेत्रफल वृद्धि गरी जमिनको उत्पादन र उत्पादकत्व वृद्धि गरि कृषकको जीवनस्तर उकास्न वडागत माग र आवश्यकता आधारमा स्थान छनोट गर्ने र खरिद प्रकृया (निर्माण तथा मर्मत) अगाडी बडाउने निर्णय गरियो।

निर्णय नं ६

प्रस्ताव नं ६ माथी छलफल गर्दा यस गुल्मीदरबार गाउँपालिकाको आ. व. २०८२।०८३ मा एक घर एक धारा कार्यक्रम अर्न्तगत प्रत्येक वडाबाट संकलित माग निवेदन आधारमा खानेपानिको नियमित आपूर्तिको लागि आवश्यक सामाग्री र गुल्मीदरबार गाउँपालिका वडा नं ४ स्थित भ्याकुते पोखरी निर्माण तथा स्तरोन्नती गर्ने गरि लागत अनुमान तयार गर्ने यसरी लागत अनुमान तयार गर्दा विनियोजित बजेट भन्दा केही प्रतिशत माथी हुन गई बोलपत्र आह्वान गर्दा विनियोजित रकम भन्दा बढीमा खरिद सम्झौता गर्नुपर्ने अवस्थामा भुक्तानी दायित्व गाउँपालिकाको हुने गरी खरिद प्रकृया अगाडी वडाउने निर्णय गरियो।

निर्णय नं ७

प्रस्ताव नं ७ माथी छलफल गर्दा यस गुल्मीदरबार गाउँपालिकाको आ. व. २०८२।०८३ मा संघीय समपूरक अनुदानबाट बलिथुम नेटा वडा कार्यालय मोटर बाटो स्तरोन्नती वडा नं.१ मा रकम विनियोजित भई ठेक्का आह्वान तथा सम्झौता भई सकेको र उक्त योजनामा बचत रकम रु ३२ लाख बाट सोही योजना शिर्षकमा पुनः ठेक्का आह्वान गर्ने निर्णय गरियो।

निर्णय नं ८

प्रस्ताव नं ८ माथी छलफल गर्दा यस गुल्मीदरबार गाउँपालिका र श्रेष्ठ कन्स्ट्रक्सन सेवा बीच भएको सम्झौता अनुसार Contract ID: GDRM/NCB/W-08/2080-081 Procurement of work for Shree Runkha Daha Secondary School Building Works(16 Rooms) (संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान): श्री रुन्खादह माध्यमिक विद्यालय (१६ कोठे) वडा नं ४) भवन निर्माणको म्याद यही पौष मसान्तसम्म रहेकोमा मिति २०८२।०९।०६ मा श्रेष्ठ कन्स्ट्रक्सन सेवाद्वारा Work Schedule सहित २०८३ बैशाख मसान्त सम्म म्याद थपका लागि अनुरोध भई आएकोमा उक्त समयसम्म म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं ९

युवराज पौडेल
...प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः ५ मितिः २०८२।०९।२२

यस गुल्मीदरबार गाउँपालिकाको जनशक्ति व्यवस्थापनलाई बैज्ञानीक बनाई संगठनको उत्पादन र उत्पादकत्व वृद्धि मार्फत शासन, बिकास र सेवा प्रवाहमा उच्चतम उपलब्धी हाँसिल गर्न गुल्मिदरबार गाउँपालिकाको विधान व्यवस्थापन समितिबाट गुल्मीदरबार गाउँपालिकाको **"करारमा कर्मचारी भर्ना सम्बन्धी कार्यविधि- २०८२"** अनुमोदनका लागि कार्यपालिकाको बैठकमा पेश गरेकोमा दफावार छलफल गरियो र कार्यपालिकाबाट प्राप्त सुझावहरु समेट्नेगरी अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं १०

प्रस्ताव नं १० माथी छलफल गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको मिति २०८२।०९।०६ गते विद्यालय शिक्षाको दीर्घकालीन शासकीय सुधार मार्गचिव तयार गरिने तथा कानुनी, नीतिगत र संस्थागत सुधारका साथै शिक्षक विद्यार्थी सङ्ख्या, भौगोलिक दुरी तथा यातायात सुविधाका आधारमा विद्यालय पुनःनक्साङ्कन गरी आवश्यकताअनुसार विद्यालय गाभ्ने नीति अवलम्बन गरिने र त्यस्ता विद्यालयका लागि प्रोत्साहन अनुदानको व्यवस्था गर्ने गरी प्रस्तावना माग भई आएकोमा गुल्मीदरबार गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखालाई आवश्यक गृहकार्य गर्न निर्देशन गर्ने र सोको आधारमा प्राप्त प्रतिवेदन अध्ययन गरी सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं ११

**क) विशेष अनुदान कार्यक्रमको कार्यान्वयन सम्बन्धमा ।**

आ.व. २०८२/८३ को विशेष अनुदान (संघीय) अन्तर्गत शिक्षा क्षेत्रको लागि विनियोजन भएको रकमबाट विद्यालयको फर्निचर निर्माण तथा मर्मत, विद्यालय कक्षाकोठा, शौचालय, पर्खाल, घेरावार, खानेपानी लगायत पूरक पूर्वाधार निर्माण र नतिजा सुधारको लागि अतिरिक्त कक्षा सञ्चालन शीर्षक अन्तर्गत रहेर तपसिल बमोजिमका कार्यक्रम गर्न अनुमोदनको लागि गाउँकार्यपालिकाको बैठकमा पेश भएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

अ) विद्यालयको फर्निचर निर्माण तथा मर्मत

| क्र.सं. | विद्यालयको नाम | आवश्यक फर्निचर | विनियोजित रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | म्यालपोखरी मा.वि. | डेक्स बेञ्च मर्मत तथा निर्माण | २०० | |
| २ | थाक्सीपोखरा मा.वि. | स्टाफ राउण्ड टेबल निर्माण | १३० | |
| ३ | रुन्खा दह मा.वि. | स्टाफ राउण्ड टेबल निर्माण | १३० | |
| ४ | ईश्वरी मा.वि. | स्टाफ राउण्ड टेबल निर्माण | १३० | |

...राज पौडेल
...अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ५ | काब्रेपोखरी मा.वि. | डेक्स बेञ्च मर्मत तथा निर्माण | १०० | |
| ६ | विभिन्न विद्यालयलाई आवश्यकताको आधारमा झ्याल ढोका तथा फर्निचर मर्मत | | ६० | |
| | जम्मा | | ७५० | |

आ) विद्यालय कक्षाकोठा, शौचालय, पर्खाल, घेरावार, खानेपानी लगायत पूरक पूर्वाधार निर्माण

| क्र.सं. | विद्यालयको नाम | आवश्यक फर्निचर | विनियोजित रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | ठूलोपोखरा मा.वि. | कक्षाकोठा निर्माण | १२०० | |
| २ | शारदा मा.वि. | विद्यालय घेरावार | १५० | |
| ३ | सरस्वती प्रा.वि. भट्टेचौर | शौचालय निर्माण | २०० | |
| ४ | रैनादी प्रा.वि. | शौचालय निर्माण | २०० | |
| ५ | बलिथुम नरहरि मा.वि. | विद्यालय मर्मत | १०० | |
| ६ | पदमबहादुर मा.वि. | बालकक्षा भित्ता मर्मत | ५० | |
| ७ | सूर्योदय मा.वि. | पार्केटिङ | १५० | |
| ८ | महाकाली आ.वि. | पार्केटिङ | १०० | |
| ९ | गंगा आ.वि. | कार्पेटिङ | १५० | |
| १० | रत्न आ.वि. | विद्यालय घेरावार | ५० | |
| ११ | राजारुन्खा मा.वि. | विद्यालय घेरावार | १५० | |
| | जम्मा | | २५०० | |

इ) नतिजा सुधारको लागि अतिरिक्त कक्षा सञ्चालन

सामुदायिक विद्यालयहरुको नतिजा सुधारको लागि यस शीर्षक अन्तर्गत रहेर कक्षा ८ र १० को अंग्रेजी, गणित र विज्ञान विषयको ४५ दिन अतिरिक्त कक्षा (बिहान १०:०० बजे भन्दा अघि र दिउँसो ४:०० बजे पछि) सञ्चालन गर्ने र विषय शिक्षकहरुलाई प्रोत्साहन स्वरुप तपसिल बमोजिमको रकम उपलब्ध गराउनको लागि विद्यालयको खातामा रकम निकासा गर्ने निर्णय गरियो ।

<u>तपसिलः</u>

- कक्षा ८ को अतिरिक्त कक्षा सञ्चालनः प्रति विषय रु. ९,००० को दरले
- कक्षा १० को अतिरिक्त कक्षा सञ्चालनः प्रति विषय रु. १२,८०० को दरले
- माध्यमिक विद्यालयलाई एकमुष्ठ रु. ६५,४००

- आधारभूत (कक्षा १-८) विद्यालयलाई एकमुष्ठ रु. २७,००० उपलब्ध गराउने ।

**ख) बचत रकमबाट कार्यक्रम गर्ने सम्बन्धमा ।**

आ.व. २०८२/८३ को विशेष अनुदान (संघीय) अन्तर्गत शिक्षा क्षेत्रको लागि विनियोजन भएको बजेट अन्तर्गत शैक्षिक सामग्री, कम्प्युटर, स्मार्ट बोर्ड लगायत सामग्री व्यवस्थापन शीर्षकमा बचत भएको रकमबाट तपसिल बमोजिमका कार्यक्रम गर्नको लागि गाउँकार्यपालिका समक्ष सिफारिस भएकोमा गाउँकार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

- श्री राजारुन्खा मा.वि. ICT कार्यक्रमः रु. ४,००००0।-
- आवश्यकताको आधारमा विभिन्न विद्यालयलाई ICT सम्बन्धी सामग्री व्यवस्थापनः रु. ४,००००0।-
- प्रधानाध्यापक, शिक्षा समिति लगायतको असल अभ्यास आदानप्रदान तथा शैक्षिक अवलोकन कार्यक्रमः रु. ३,००००0।—

<u>निर्णय नं १२</u>

क) गुल्मीदरबार गाउँपालिका वडा नं ४ मा मदनपोखरा बहुप्राविधिक शिक्षालय तानसेन, ९ प्राविधिक सहयोग र गुल्मीदरबार गाउँपालिका वडा नं ४ को समन्वयमा सञ्चालिन ६० दिने कम्प्युटर अपरेटर तालिमलाई व्यवस्थापन गर्ने गुल्मीदरबार गाउँपालिकाले प्रशिक्षकहरुको खाना खाजाबापत ३० हजार एकमुष्ट (विविध खर्चबाट) भुक्तानी दिने निर्णय गरियो।

ख) मदन भण्डारी राजमार्ग Upgrading/Improvement of Ridi-Tamghas section को सडक विस्तार गर्ने क्रममा गुल्मीदरबार गाउँपालिका वडा नं ४ वीरवासमा संचालन रहेको झाक्रेपानी लिफ्ट खा. पा. योजना अर्न्तगत वीरवास वजारको पूर्वी भेगमा पाईप क्षति भई खानेपानीमा अवरोध उत्पन्न भएकोमा उक्त खानेपानी योजनाको लागि मर्मत संभार तथा नियमित खानेपानी आपूर्तिका लागि रु. १ लाख सम्मको पाईप तथा खानेपानी मर्मत संहार शिर्षकबाट कार्यक्रम सञ्चालन तथा सम्झौता गर्ने निर्णय गरियो।

प्रस्ताव नं १ देखि १२ सम्मका निर्णयहरु
प्रमाणित गरिन्छ।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत